जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १३० २०८१ साल पुस ४ गते बिहीबार (19 Dec. 2024 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'कार्यान्वयनयोग्य कानुन... ३ पृष्ठमा : स्वास्थ्य बीमाको कभरेज... ३ पृष्ठमा : दोहा वार्ता 'सकारात्मक'...

## विकासीय काममा सबै दलको समन्वय आवश्यक छ : डा. राउत




**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले विकासीय काममा सबै दलको समन्वय आवश्यक रहेको बताएका छन् ।

जिल्ला समन्वय समिति सप्तरीद्वारा बुधबार राजविराजमा आयोजित "संघीय तथा प्रादेशीक कार्यालय एवम् स्थानीय तहहरुबाट संचालित तथा सम्पादित कार्यहरुको बार्षिक प्रगति समिक्षा गोष्ठी" मा बोल्दै उनले यस्तो बताएका हुन् ।

"विकासीय कार्यमा राजनीति रंग दिनुभन्दा पनि सबै दलले सहयोग र सहकार्य गर्न सके जिल्लाको विकासमा कुनै वाधा र अवरोध आउँदैन" उनले भने, "सप्तरीको विकास निर्माणका विषयमा पनि आफ्नो पार्टीले सकेसम्म सहयोग गरिरहेको छ ।"

अध्यक्ष राउतले विकासको काममा कसैले वाधा नपुर्‍याई अन्य राजनीतिक दलहरुले पनि यसमा साथ दिनुपर्ने जिकिर गरे । आफुहरु बिकास बजेट परिचालन गर्ने स्थानमा नभई नीति निर्माणको जिम्मेवारीमा रहेको प्रष्ट्याउँदै उनले विकास लगायत जनताका समस्या हेर्ने जिम्मेवारी केन्द्रका बाहेक प्रदेश र स्थानीय तहको हुने बताए ।

सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउतले जिल्लामा रसायनिक मलको अभाव कम गर्नका लागि यसको सही बिक्री वितरणका बारेमा स्थानीय तहका जनप्रतिनिधिले

*बाँकी तीन पृष्ठमा*

## अर्नाको आक्रमणबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

कोशी टप्पु वन्यजन्तु आरक्षबाट आएको अर्नाको आक्रमणबाट सप्तरीमा एक व्यक्तिको मृत्यु भएको छ ।

अर्नाको आक्रमणबाट मृत्यु हुनेमा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ९ का ७० वर्षीय शुभेलाल मण्डलको मृत्यु भएको हो ।

सो नगरपालिका वडा नं. १३, कोशी पलारमा रहेको खेतमा काम गर्दै गरेका वेला अर्नाले मण्डललाई बुधबार आक्रमण गरेको थियो । गम्भिर घाईते अवस्थामा फेला परेका मण्डललाई स्थानीयले उद्धार गरी स्थानीय अस्पताल पुर्‍याएका थिए ।

उनको अस्पतालमा उपचार गर्न नपाउँदै मृत्यु भएको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ ।

## बेवारिसे शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सप्तरीको रुपनी गाउँपालिकास्थित सामुदायिक भवनमा बुधबार एक व्यक्तिको शव फेला परेको छ ।

रुपनी गाउँपालिका १ स्थित सामुदायिक भवनमा अन्दाजी २८/२९ वर्षको पुरुषको बेवारिसे शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सो भवनमा नाम, थर, वतन नखुलेको पुरुष मृत अवस्थामा फेला परेको हो । बरामद शव राजबिराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको शव गृहमा राखिएको र बेवारिसे पुरुषको पहिचानका लागि प्रहरीले अनुसन्धान सुरु गरेको जल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## छिमेकीद्वारा आमा छोरीसहित तीन महिलामाथि कुटपिट







**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नं. २ बस्ने आमा छोरीसहित तीन महिलामाथि छिमेकीबाट निर्घात कुटपिट गरिएको छ ।

कुटपिटबाट घाइते हुनेहरुमा गीता देवी साह, रामदुलारी साह र मन्जु कुमारी साह छन् । तीनै जनाको अहिले गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक कक्षमा उपचार भइरहेको छ । राम दुलारी र मन्जु आमा छोरी हुन् ।

गीता देवीको खुट्टा भाँचिएको छ भने रामदुलारी र मन्जुको टाउको, छाती लगायत शरीरको विभिन्न भागमा काटेको घाउ छ ।

अस्पतालको बेडमा छटपटाइरहेकी घाइते महिलाहरुले अघिल्लो राती ८ बजेतिर छिमेकी गजेन्द्र नारायण सिंह, उदित नारायण मण्डल र शिवशंकर मण्डलले कुटपिट गर्दै यस्तो अवस्थामा पुर्‍याएको बताएकी छिन् ।

घाइते मध्येकी गीता देवीले आफु घरमा एक्लै रहेको अवस्थामा पुगेका गजेन्द्र, उदित र शिवशंकरले गलत मनसायले शरीरको लुगा च्यातेर लछारपछार गर्दै बाहिर निकाल्ने प्रयास गरेको बताइन । आफुले प्रतिवाद गर्दै होहल्ला

*बाँकी अन्तिम पृष्ठमा*

**वार्षिक साधारणसभाको स्थान परिवर्तन सम्बन्धि सूचना**

जनज्योति कृषि सहकारी संस्था लि. राजविराज ९, मलेठको १३ औं वार्षिक साधारणसभाको स्थान परिवर्तन भएको हुँदा उक्त स्थानमा उपस्थितिको लागि अनुरोध गरिन्छ । साथै जाने आउने गाडी व्यवस्थापन गरिएको छ । बिहान ९.३० वजे संस्थाको कार्यालयबाट गाडी खुल्ने छ ।

**तपसिल**
**मिति : २०८१।०९।६ गते शनिबार**
**स्थान : ग्रिन गार्डेन होटल**
**सितापुर २, सप्तरी**

**भवदीय**
जनज्योती कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

**वायु प्रदुषणको असर कम गरौं**

- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आँफूले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, वनजंगलको संरक्षण गरौं,

वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### बालबालिकालाई शिक्षाका साथै खेलकुदमा समेत दक्ष बनाऔं

सरकारले बालबालिकाहरुलाई उचित शिक्षाका लागि विशेष ध्यान दिएको छ। यसका साथै अहिले खेलकुदमा समेत ती बालबालिकाहरुलाई दक्ष बनाउनु पर्ने आवश्यकता रहेको छ। नेपालमा जसरी क्रिकेट खेलले गति लिदै छ उनीहरुले सो खेलमा पनि आफ्नो भविष्य निर्माण गर्न सक्ने सम्भावना छ। पढाईमा कमजोर तर खेलकुदमा सम्भावना बोकेका ती बालबालिकालाई खेलकुदमा अवसर दिनुपर्छ।

नेपाल जस्तो मुलुकमा विगतमा खेलकुदमा भविष्य नरहेको धारणालाई चिर्दै अहिले क्रिकेट खेलले सम्भावना जगाएको छ। तर अहिले आर्थिक अवस्था कमजोर रहेका बालबालिकाहरु बाध्य भई कलिलो उमेरमै श्रम गरेर आफ्नो तथा परिवारको गुजारा चलाइराखेको प्रस्टै देख्न सकिन्छ। बालश्रम यस्तो जटिल शब्द हो जुन सरकारी नीतिलाई कार्यान्वयन गर्न सकिएको छैन्। भविष्यका कर्णाधार मानिने बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा दिनभरी बालश्रम गर्न बाध्य छन्।

बालमजदुरी वा श्रमलाई न्युनीकरण गरि ती बालबालिकालाई खेलकुद क्षेत्रमा प्रोत्साहन गर्नु जरुरी छ। तसर्थ शिक्षाका साथ साथै तीनै तहको सरकारले खेलकुदमा समेत लगानी गर्नु पर्ने अहिलेको निर्विवाद आवश्यकता रहेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘कार्यान्वयनयोग्य कानुन निर्माण गरौं’

काठमाडौँ, ३ पुस (रासस)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले कानुन निर्माण गर्दा कार्यान्वयनयोग्य कानुन निर्माणमा ध्यान दिन संसदीय समितिलाई सुझाव दिएको छ। राष्ट्रियसभा, सार्वजनिक नीति तथा विधान प्रत्यायोजित समितिको मंगलबारको बैठकमा राज्यले तर्जुमा गरेका कानुन नागरिकले पालना गर्नेगरी बन्नुपर्नेमा आयोगका पदाधिकारीले सुझाव दिएका हुन्।

समितिले राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या तथा समाधानका उपायका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग छलफल गरी राय सुझाव लिएको हो। कानुन निर्माणकै बखत दिगोपन र अधिकतम लाभलाई विश्लेषण गर्न आवश्यक रहेको बताउँदै आयोगका सचिव किरणराज शर्माले प्राकृतिक स्रोतलाई राज्यको स्वामित्व नभएर राज्यको संरक्षक रहेको कुरामा अदालत गरेको व्याख्यालाई मनन गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

सचिव शर्माले भन्नुभयो, “प्राकृतिक स्रोतलाई विश्वव्यापी रूपमा हेरिनुपर्छ, अदालतले नै भविष्यका पुस्ताका लागि दिगो विकास भनेको प्राकृतिक स्रोत नै हो भनेको छ। प्राकृतिक स्रोतको अधिकतम दोहन होइन, सदुपयोग र संरक्षण गरिनुपर्छ।” खानी र खनिजजन्य स्रोत प्रयोग गरिँदा सकिने भए पनि जलविद्युत्, शौर्य र वायु ऊर्जा नष्ट नहुने भएकाले अधिकतम प्रयोग गर्न सकिने बताउँदै उहाँले प्राकृतिक स्रोतको प्रयोगमा राष्ट्रिय स्वार्थ र हितलाई हेरिनुपर्ने तर्क गर्नुभयो।

कच्चा पदार्थ मात्रै बेचेर विश्वका कुनै पनि मुलुकले समृद्धि हासिल नगरेको उदाहरण प्रस्तुत गर्दै उहाँले पैसा लिने होडबाजीले देशको पहिचान मेटिने हुनाले नदीजन्य प्राकृतिक स्रोतको नवीकरण नगरी दोहन मात्र गर्ने कार्य देशको हितमा नहुने धारणा राख्नुभयो। बैठकमा संरक्षण र मध्यवर्ती क्षेत्रभित्र पर्ने निकुञ्जले घेरिएका स्थानीय तह वन पैदावारको उपयोगबाट बञ्चित रहेकाले त्यस्ता स्थानीय तहको आर्थिक र सामाजिक विकासमा प्रदेश तथा केन्द्रीय सरकारले प्राप्त गरेको रोयल्टी रकम विशेष कार्यक्रम बनाइ खर्च गर्ने नीतिगत व्यवस्थाको आवश्यकता औँल्याइयो।

आयोगका तर्फबाट प्राकृतिक स्रोतको व्याख्यासहितको कानुन तर्जुमा हुनुपर्ने तथा रोयल्टी के कुन कार्यक्रममा खर्च भयो भन्ने विवरण प्राप्त नहुने भनी आयोगले दिएको सुझाव कार्यान्वयनका लागि समीक्षा हुनुपर्ने धारणा प्रस्तुत गरियो।

निकुञ्जबाट घेरिएको क्षेत्रका नागरिकका लागि खानेपानी आवतजावत, बसाइँसराइजस्ता हक प्रयोगका लागि विशेष व्यवस्था गरिनुपर्ने तथा असरको मूल्याङ्कन गरी थप स्रोतको व्यवस्था गर्न आयोगको सुझाव छ।

आयोगका अध्यक्ष बालानन्द पौडेलले निकुञ्ज परिवेष्टित स्थानीय तहको उत्पादन र बजारीकरणमा सहजीकरण गर्ने हिसाबले कानुन निर्माणको आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, “संरक्षित क्षेत्रभित्रको रोयल्टीको परिभाषा स्पष्ट हुनुपर्छ, रोयल्टी बाँडफाँटको मुख्य सूचक संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागितालाई मापन गर्ने तथ्याङ्कीय आधार तय गरिनुपर्छ।”

# सहकारीको ऋण नतिर्नेको सम्पत्ति रोक्का गरिने

काठमाडौँ, ३ पुस (रासस)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारीको ऋण नतिर्नेको एकाघरका सदस्यको सम्पत्ति र राहदानी रोक्का गरी असुल गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडले मंगलबार यहाँ आयोजना गरेको सहकारी सुशासन प्रवर्द्धनसम्बन्धी बागमती प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उहाँले सहकारीमा भएको पुँजीबाट त्यहाँ आएको समस्या समाधान गरिनुपर्ने बताउनुभयो। सरकारले घोषणा गरेका २२ वटा सहकारीमध्ये केहीको जग्गा बेचेर पनि समस्या समाधान गर्नेतिर समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय लागिपरेको मन्त्री अधिकारीले बताउनुभयो।

उहाँले सात प्रदेशमा समूह बनाएर मन्त्रालयमार्फत समस्याग्रस्त सहकारीको अध्ययन भइरहेको जानकारी दिनुभयो। “समितिबाट प्रतिवेदन प्राप्त भएपछि समस्या समाधानको विधि बनाइने छ। सहकारी ऐन, २०७४ मा भएको सहकारी प्रवर्द्धन कोष, कर्जा सूचना केन्द्र र न्यायाधीकरण पनि छिटो गठन गरी समस्या समाधानमा काम गर्न सरकार प्रतिबद्ध छ”, मन्त्री अधिकारीले भन्नुभयो।

प्रधानमन्त्रीका आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडाले सुशासनको अभावमा सहकारी समस्याग्रस्त हुने गरेको बताउनुभयो। सबै सहकारीमा समस्या नभए पनि सबै समस्यामा छन् भनेर हल्ला फैलाइएको उल्लेख गर्दै छिटो समाधान गरिनुपर्नेमा जोड दिनुभयो।

महासङ्घका अध्यक्ष ओमदेवी मल्लले सहकारीमा देखिएका समस्या र समाधानका उपायबारे छलफलका लागि कार्यक्रम आयोजना गरिएको गरिएको बताउनुभयो। उहाँले सातै प्रदेशमा यस्तै कार्यक्रम आयोजना गरी प्राप्त सुझाव समेटेर सरकारलाई संयुक्त सुझाव दिइने बताउनुभयो।

# एनपिएलका विजेता टोलीले एक करोड १० लाख पुरस्कार पाउने

काठमाडौँ, ३ पुस (रासस)।

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको उपाधि विजेता टोलीले रू एक करोड १० लाख पुरस्कार प्राप्त गर्ने भएको छ।

यही पुस ६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा दोस्रो स्थान हासिल गर्ने टोलीले रू ५१ लाख प्राप्त गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान) का प्रवक्ता छुम्बी लामाले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रू २५ लाख प्राप्त गर्दा चौथो स्थान हासिल गर्ने टोलीले रू १५ लाख पुरस्कार प्राप्त गर्नेछन्।

त्यस्तै प्रतियोगितामा उत्कृष्ट घोषित हुने एक खेलाडीलाई एक थान कार प्रदान गर्ने क्यानले यसअघि नै घोषणा गरिसकेको छ।

क्यानको आयोजनामा मङ्सिर १५ गतेदेखि सञ्चालन भएको यस एनपिएलमा विभिन्न आठ टोली सहभागी छन्। जसमा काठमाडौँ गोरखाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, बिराटनगर किङ्ग्स, जनकपुर

*बाँकी तीन पृष्ठमा*

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# स्वास्थ्य बीमाको कभरेज बढाउन मुख्यमन्त्री सिंहको निर्देशन

जनकपुर, ३ पुस (रासस)।
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशमा स्वास्थ्य बीमाको कभरेज बढाउन र बीमितहरूको सेवासुविधा प्रवाहमा प्राथमिकता दिन स्वास्थ्य अधिकारीहरूलाई निर्देशन दिनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित बैठकमा प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकारीहरूलाई मुख्यमन्त्री सिंहले अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या कम रहेकाले प्रक्रियामा सरलीकरण, जनचेतना प्रसार, स्वास्थ्यकर्मी तथा अन्य जनशक्ति परिचालन, व्यावसायिक बीमा एजेन्टको व्यवस्थापनमा तत्परतापूर्वक बढाउन निर्देशन दिनुभएको हो।

मुख्यमन्त्री सिंहले बीमाबापतको रकम अस्पतालले नपाउने, बीमितको शल्यक्रियालगायत उपचार कार्यमा अस्पतालले ढिलाइ गरिदिने, इच्छाएका बेला बीमा दर्ता नहुने र निश्चित समयावधिभित्र बीमा सक्रिय नहुनेलगायत समस्याका बारेमा सम्बद्ध पक्षसँग छलफल गरी समाधान गर्न समेत अधिकारीहरूलाई निर्देशन दिनुभयो।

प्रदेशका बढीभन्दा बढी अस्पतालमा बीमामार्फत प्राप्त हुने स्वास्थ्य सेवा विस्तार गर्नुपर्ने भन्दै मुख्यमन्त्री सिंहले प्रत्येक अस्पतालमा स्वास्थ्य बीमा डेस्क राख्न सुझाव दिनुभयो। उहाँले स्वास्थ्य बीमा प्रक्रियामा महिला स्वास्थ्य स्वयंसेविकालाई एजेन्टका रूपमा जिम्मेवारी दिन सकिने पनि बताउनुभयो।

मुख्यमन्त्री सिंहले प्रदेशका कर्मचारी तथा तिनका परिवारलाई स्वास्थ्य बीमाको परिधिमा अनिवार्य ल्याउनुपर्ने प्रक्रिया अगाडि बढेको जानकारी गराउनुभयो। यसअघि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आफ्ना कर्मचारीका लागि स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आबद्धताको निर्णय गरेको थियो।

मुख्यमन्त्रीसँगको बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधनप्रसाद सिंह, मन्त्रालयका निमित्त प्रदेश सचिव राजेशकुमार मिश्र, अस्पताल विकास तथा चिकित्सा महाशाखा प्रमुख डा वर्षा प्रकाश, अस्पताल नर्सिङ प्रशासक सुनिता गुप्ता, जनस्वास्थ्य अधिकृत विजयकुमार यादवलगायत सहभागी हुनुहुन्थ्यो।

# 'कमला नदी उकास जग्गाको उपयोग गर्न सके ठूलो मद्दत पुग्ने'

जनकपुर, ३ पुस (रासस)।
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले धनुषा तथा सिरहालाई जोड्ने कमला नदी उकास जग्गाको उपयोग गर्न सकेको खण्डमा त्यसबाट कृषि, पर्यटन तथा पर्यावरण संरक्षणमा ठूलो मद्दत पुग्ने बताउनुभएको छ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा कमला नदी उकास क्षेत्रको व्यवस्थापनसम्बन्धी अन्तरक्रियामा उहाँले कमला नदी उकास जग्गामा ठूलो झिलको रुपमा विकास गर्न सकेको खण्डमा त्यसको पानीको प्रयोग गरेर सिँचाइका साथै मत्स्यपालनसहितका नदी उकास क्षेत्रमा उत्पादन हुने बाली नाली लगाएर मनग्य आम्दानी गर्न सकिने धारणा राख्नुभयो।

मुख्यमन्त्री सिंहले कमला नदी उकास जग्गाको उपयोगका लागि तयार हुने प्रस्तावमा विभिन्न दातृ निकायले लगानी गर्नका लागि इच्छुक भएको बताउँदै यस जग्गामा प्रदेशको गौरवको योजना बनाउने गरी कार्ययोजना बनाउनका लागि विज्ञहरूसँग आग्रह गर्नुभयो।

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले कमलासहित मधेस प्रदेशका अन्य नदी उकास जग्गाको उपयोग गर्नका लागि प्रदेश सरकारले एकीकृत रुपमा ठोस नीति बनाएको खण्डमा मन्त्रालयले आर्थिक स्रोतको व्यवस्थापन गर्नका लागि तयार भएको बताउनुभयो।

मधेस प्रदेश सरकारका विभिन्न मन्त्रालयका मन्त्रीहरू, नीति तथा योजना आयोगका पदाधिकारी, विभिन्न राजनीतिक दलका नेताले कमला नदी उकास जग्गाको उपयोग गरेर प्रदेशको अर्थतन्त्रलाई बलियो बनाउन सकिने बताउनुभयो।

मधेस प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव विनयकुमार कर्ण, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय निर्देशक जागेश्वर यादव कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कमला नदी जग्गा उकासअन्तर्गत सरकारी तथा निजी गरेर सात हजार हेक्टरभन्दा बढी जग्गा उपयोगविहीन अवस्थामा रहेको छ।

### *विकासीय काममा ...*

पनि उत्तिकै जिम्मेवारी र चासो देखाउनुपर्नेमा जोड दिए।

सोही कार्यक्रममा बोल्दै प्रदेश सांसद किरण कुमारी साहले बिटौरी समस्या समाधान नहुँदा राजविराज नगरपालिका क्षेत्रभित्र साविकदेखि बसोबास गर्दै आएका ५ हजार परिवार प्रभावित बनेको बताउँदै यसको समाधानका लागि पहल गरिदिन हुन प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउत ध्यानाकर्षण गराईन। उनले बिटौरी जग्गा बाहकहरुको नाममा अझै लालपुर्जा नआएको भन्दै त्यसबाट विभिन्न समस्या खेप्नुपरिरहेको उल्लेख गरिन्।

जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश सांसद महेश प्रसाद यादव, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन, जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साह, नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी लगायतले जिल्लाको विकासका लागि समेटिनुपर्ने योजना र त्यसको प्रभावकारी कार्यान्वयन बारे आ-आफ्नो सुझाव राखेका थिए।

दुई दिनसम्म चल्ने कार्यक्रममा जिल्लाका १८ वटै पालिकाका प्रमुख तथा विभिन्न कार्यालयका प्रमुखहरुको सहभागिता रहेको छ। कार्यक्रमको सहजीकरण जिल्ला समन्वय समितिका प्रमुख प्रशासकीय अधिकृत कुन्दन कर्णले गरिरहेका छन्।

### *एनपिएलका ...*

बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन्।

सहभागी टोलीमा चार टोली प्लेअफमा पुगेका छन् भने बाँकी चार टोली प्रतियोगिताबाट बाहिरिसकेका छन्।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### दोहा वार्ता 'सकारात्मक' : हमास

दोहा, ३ पुस (रासस/एएफपी)।
इजरायली प्रतिनिधिमण्डलले मध्यस्थकर्तासँग भेटघाट गर्न गएको एक दिनपछि हमासले युद्धविराम र गाजामा बन्धक बन्दी आदानप्रदान गर्ने उद्देश्यले कतारमा भएको वार्ता 'गम्भीर र सकारात्मक' भएको जनाएको छ। प्यालेस्टिनी लडाकू समूहले मङ्गलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "कतार र इजिप्टको मध्यस्थतामा दोहामा भएको वार्ता गम्भीर र सकारात्मक भएको र छलफलले युद्धविराम र कैदी आदानप्रदानका लागि सहमतिमा पुग्न सम्भव छ भन्नेमा हमास विश्वस्त छ।"

दुई पक्षबीचको खाडल कम गर्ने उद्देश्यले वार्ताका लागि इजरायली अधिकारीहरू सोमबार दोहा आइपुगेको वार्ताबारे जानकार स्रोतले एएफपीलाई जानकारी दिएको छ। गत बुधवार मोसादका गुप्तचर प्रमुख डेभिड बर्नियाले कतारको राजधानी दोहाको भ्रमण गरेपछि उक्त भेटवार्ता भएको स्रोतले नाम नबताउने शर्तमा जनाएको छ। संयुक्त राज्य अमेरिका र इजिप्टसँगै कतारले इजरायल र हमासबीच गाजामा युद्धविराम र बन्धक रिहाइका लागि महिनौंदेखि मध्यस्थता गर्दै आएको छ। तर गत वर्षको अन्त्यमा इजरायली जेलमा रहेका प्यालेस्टिनीहरूको बदलामा सयौं बन्धकहरूलाई रिहा गरिएको एक हप्ताको युद्धविरामबाहेक लगातार भएका वार्ताहरू युद्ध रोक्न असफल भएका थिए।

सोमबार इजरायली रक्षामन्त्री इजराइल काट्जले आफ्नो देशका वार्ताकारहरू सन् २०२३ को नोभेम्बरमा भएको युद्धविरामपछि सम्झौताको नजिक नपुगेको बताउनुभएको थियो। दोहास्थित हमासका एक वरिष्ठ अधिकारीले सम्झौताका लागि 'पहिलेभन्दा निकै नजिक' भएको तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले अझै पनि 'पहिलेजस्तै सम्झौतालाई बिथोल्न सक्ने' बताउनुभएको छ।

हमासनिकट अर्को एक स्रोतले भन्यो, "सबै कुराले हामी सम्झौताको नजिक पुगेको सङ्केत गर्छ, मलाई आशा छ अमेरिकी निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको सपथ अघि अर्थात् जनवरी २० अघि नै सम्झौता हुने सम्भावना बढेको छ।"

हमासको सहयोगी इस्लामिक जिहादका उपप्रमुख मोहम्मद अल-हिन्दले गाजामा अझै पनि केही बन्धक रहेको विश्वास गरिएको अवस्थामा आफ्नो समूहद्वारा प्रस्तावित सम्झौताबारे छलफल गर्न इजिप्टका अधिकारीहरूसँग भेट गरेको बताउनुभएको छ। वार्ताको बारेमा जानकार एक स्रोतका अनुसार उनीहरू 'प्यालेस्टिनी कैदीहरूको बदलामा जीवित इजरायली नागरिक कैदीहरूको रिहाईको साथ मानवीय चरणबाट सुरु हुने दुई वा तीन चरणको बन्दी आदान-प्रदान सम्झौतामा पुग्न केन्द्रित छन्। त्यो आदानप्रदान 'दुई देखि चार हप्ताको अवधिको लागि क्रमिक युद्धविरामको" स्रोतले भन्यो।

### हाइटीमा सशस्त्र समूहको आगजनीपछि अस्पताल बन्द

पोर्ट-ओ-प्रिन्स, हाइटी, ३ पुस (रासस/एएफपी)।
हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्सस्थित एक प्रमुख अस्पतालमा सशस्त्र समूहको आक्रमणपछि आगजनी गरिएको अस्पताल र प्रहरी स्रोतले मङ्गलबार जानकारी दिएको छ। बर्नार्ड मेब्स अस्पतालमा सोमबार राति भएको आगलागीमा कोही पनि हताहत नभएको अस्पताल स्रोतले जनाएको छ तर आगलागीबाट उपचार कक्षका चार कोठा, प्रयोगशाला, परीक्षण उपकरण र प्रशासनिक कार्यालय जलेर नष्ट भएका छन्।

'मोलोटोभ ककटेल' प्रयोग गरेर अस्पतालमा आगो लगाएका संदिग्ध आक्रमणकारीहरू 'भिभ अन्सानम' (लिभिङ टुगेदर) गठबन्धनसँग सम्बन्धित गिरोहका सदस्यहरू थिए। उहाँले भन्नुभयो, "आक्रमणले राजधानीको चिकित्सा क्षमतामा उल्लेखनीय प्रभाव पार्नेछ।" देशको सबैभन्दा उन्नत 'मेडिकल इमेजिंग टेक्नोलोजी' भएको निजी अस्पतालले हाइटीको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको थियो।

क्यारेबियन राष्ट्रको राजधानीमा एक महिनाभन्दा बढी समयदेखि सशस्त्र समूहले आक्रमण गरिरहेको अवस्थामा बढ्दो उथलपुथलको यो पछिल्लो उदाहरण हो। संयुक्त राष्ट्रसङ्घ र एक स्थानीय गैरसरकारी संस्थाका अनुसार डिसेम्बरको सुरुमा एक 'शक्तिशाली गिरोहका नेता'ले 'भुडू व्यवसायी' विरुद्ध गरेको नरसंहारमा करिब २०० जनाको मृत्यु भएको थियो।

### लेबनानको पुनर्निर्माणका लागि विश्व बैङ्क तयार

बेरूत, ३ पुस (रासस/सिन्ह्वा)।
विश्व बैंकका एक वरिष्ठ अधिकारीले हिजबुल्लाह-इजरायल द्वन्द्व अन्त्य भएपछि लेबनानको पुनर्निर्माणमा सहभागी हुन विश्व बैंक तयार रहेको बताएका छन्। लेबनानको राष्ट्रिय समाचार एजेन्सीका अनुसार विश्व बैङ्कका मध्यपूर्व विभागका देशीय निर्देशक ज्याँ क्रिस्टोफ क्यारेटले लेबनानको पुनर्निर्माणमा लेबनानी सरकारसँग सहकार्य गर्ने बैङ्कको इच्छा व्यक्त गर्नुभएको हो। क्यारेटले लेबनानको संसदसँगको भेटमा उक्त भनाइ राख्नुभएको हो।

उक्त अवसरमा सभामुख नाबिह बेरी र विभागका देशीय निर्देशक क्यारेटले पुनर्निर्माण परियोजनाहरू र कार्यक्रमहरू, भग्नावशेष हटाउने, पूर्वाधार पुनर्निर्माण, र औद्योगिक र कृषि सुविधाहरूको पुनर्स्थापनासहितका विषयमा छलफल गर्नुभएको थियो। बेरीले 'इजरायली आक्रमणबाट लेबनानले व्यहोरेको परिणामलाई पुनर्निर्माण र सम्बोधन गर्न लेबनानसँग प्रतिक्रिया र संलग्न हुने विश्व बैङ्कको इच्छा र तत्परता' को प्रशंसा गर्नुभयो।

उहाँले विश्व बैंकले तयार गरिरहेको योजनाको विवरणका बारेमा पनि जिज्ञासा राख्दै भन्नुभयो, "यो योजनामा किसान, उद्योगपति र साना व्यवसायीका लागि भूमि सुधार र ऋण सुरक्षित गर्ने कार्यक्रम समावेश हुनुपर्दछ ताकि उनीहरूलाई यस वर्षको अन्त्यसँगै पुनः वृद्धि गर्न सकियोस्।

विश्व बैङ्कका अनुसार लेबनानमा हिजबुल्लाह-इजरायल द्वन्द्वबाट भएको भौतिक तथा आर्थिक क्षति आठ अर्ब ५० करोड अमेरिकी डलर रहेको अनुमान गरिएको छ।

# शिक्षकको तलब नियमित मासिक : शिक्षामन्त्री भट्टराई

काठमाडौं, ३ पुस (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षकको मासिक तलब उपलब्ध गराउन स्थानीय तहलाई निर्देशन दिइसकेको बताउनुभएको छ।

बुधबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको 'विद्यालय शिक्षा विधेयक-२०८०'को छलफलमा उहाँले शिक्षकको नियमित रूपमा शिक्षकहरूलाई तलबको व्यवस्था गरिने बताउनुभयो। "३९ स्थानीय तहले शिक्षकको तलब नदिएको भन्ने मन्त्रालयमा गुनासो आएको थियो", उहाँले भन्नुभयो, "हामीले ती स्थानीय तहका प्रमुखलाई नियमित रूपमा तलबको व्यवस्था गर्न निर्देशन दिएका छौं।"

साथै उहाँले विद्यालय शिक्षकको दरबन्दी पुनरावलोकन गरिने बताउनुभयो। बाल विकास शिक्षा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यदल गठन भएको जानकारी दिनुभयो। त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन आयोगले बुझाएको प्रतिवेदन अपूर्ण भएकाले प्रधानमन्त्री केपी शर्मा ओलीले पुनः छानबिन गर्नुपर्नेमा जोड दिनुभएको बताउनुभयो।

"आयोगको म्याद हामीले दुईपटक थप गर्‍यौं। तर आयोगले बुझाएको प्रतिवेदनमा अझ धेरै काम गर्न बाँकी रहेको देखिएको छ", उहाँले भन्नुभयो,- "आयोगको प्रतिवेदनका आधारमा धेरै जग्गा खोज्नुपर्ने स्थिति छ।"

समितिमा विद्यालय शिक्षा विधेकय,२०८० मा दफावार छलफल पूरा भएको छ। समिति सदस्य सुमना श्रेष्ठले शिक्षण पेसालाई आकर्षक बनाउनुपर्नेमा जोड दिँदै शिक्षकलाई नियमित रूपमा मासिक तलब दिनुपर्ने बताउनुभयो।

अर्की सदस्य ज्ञानु बस्नेत सुवेदीले निःशुल्क शिक्षालाई कार्यान्वयन गर्नुपर्छ भन्नुभयो। दफावार छलफलमा समिति सदस्यहरू वीना जैसवाल, विनिताकुमारी सिंह र रामप्रकाश चौधरीले भाग लिनुभएको थियो। विधेयकमा समितिका सदस्यहरूले एक सय नौ वटा संशोधन प्रस्तुत गर्नुभएको थियो।

# सिरहामा सडक दुर्घटनामा घट्यो, मृत्यु हुनेको संख्या बढ्दो

सिरहा, ३ पुस (रासस)।

यहाँ चालु आर्थिक वर्षको प्रथम चौमासिकमा दुई सय ५५ सवारी दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ। यसमा चार सय ५७ जना घाइते भएको ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

यो तथ्याङ्क गत आर्थिक वर्षको प्रथम चौमासिकको भन्दा दुर्घटनामा कम भएको देखिन्छ। तर, मृत्युहुनेको सङ्ख्या बढेको छ। गत आवको प्रथम चौमासिकमा १५ जनाको ज्यान गएको थियो। ट्राफिक प्रहरीका अनुसार गत आवमा जिल्लामा नौ सय ९७ सवारी दुर्घटना भयो। यसमा ६८ जनाले ज्यान गुमाएका थिए। एक हजार पाचँ सय ७९ जना घाइते भएका थिए। दुर्घटनामा कमी ल्याउन साथै मृत्युदरमा कम गराउन जनचेतना कार्यक्रमलाई तीव्रता दिए तापनि मृत्यु हुनेको दरमा भने वृद्धि भएको जिल्ला ट्राफिक कार्यालय लहानका प्रमुख प्रहरी निरीक्षक पोषणराज थपलियाले बताउनुभयो।

"दुर्घटनाको अनुसन्धान गर्दा जिल्लामा भएका अधिकांश सवारी दुर्घटनामा चालककै बढी गल्तीका कारण हुने गरेको देखिन्छ। यसका कारण वार्षिक धेरै मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ", प्रहरी निरीक्षक थपलियाले भन्नुभयो। उहाँका अनुसार मापसे र लापसे गरी सवारी चलाउँदा, सवारीलाई उछिन्न खोज्ने, यान्त्रिक गडबडी, तीव्रगतिमा सवारी चलाउँदा, सडक चौपाया, क्षमताभन्दा बढी यात्रु बोकेर सवारी चलाउँदा, ट्राफिक नियम उल्लङ्घन, बढ्दो मात्राका अव्यवस्थित सिटी रिक्सालगायत कारण दुर्घटना हुने र दुर्घटनाबाट मानिसको मृत्यु हुने गरेको बताउनुभयो।

सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले मात्र सम्भव नहुने जनाउँदै प्रहरी निरीक्षक थपलियाले सरोकारवाला सम्पूर्ण निकायले सार्थक पहलकदमी लिनुपर्नेमा जोड दिनुभयो।

# स्वास्थ्य विज्ञान प्रतिष्ठान मधेसमा एमबिबीएस अध्यापन सुरु

जनकपुरधाम, ३ पुस (रासस)।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा चिकित्सा शास्त्र अध्ययनअन्तर्गत स्नातक तह (एमबिबीएस) को अध्यापन सुरु भएको छ। सङ्घीय सरकारबाट यस वर्ष एमबिबीएसका ५० विद्यार्थीलाई अध्यापन गराउने अनुमति पाएपछि प्रसिष्ठानले अध्यापन सुरु गरेको हो।

प्रतिष्ठानले प्राप्त गरेको ५० मध्ये ७५ प्रतिशत सिटमा विद्यार्थीको पूर्ण छात्रवृत्ति र २५ प्रतिशत सिटमा तोकिएको रकमको आधारमा नामाङ्कन गराइने प्रतिष्ठानका उपकुलपति डा अकुर साहले जानकारी दिनुभयो। पूर्ण छात्रवृत्तिअन्तर्गत ३८ जनाको नामाङ्कन गरिएको छ। विदेशी विद्यार्थीको हकमा ४५ लाख भारतीय रकम लिने निर्णय भएको उहाँले बताउनुभयो।

पूर्णछात्रवृत्ति नभएका विद्यार्थीको पनि नामाङ्कन सुरु गरिएको उपकुलपति डा साहले बताउनुभयो। अहिलेसम्म एकजना भारतीय विद्यार्थीको एमबिबीएसमा नामाङ्कन गरिएको छ। यही पुस २४ गतेसम्म नामाङ्कनको समयावधि तोकिएको छ। छात्रवृत्ति नपाएका विद्यार्थीसँग प्रतिष्ठानले रु ४५ लाख शुल्क तोकेको जनाउँदै उहाँले उक्त रकम तीन पटकमा बुझाउनुपर्ने उल्लेख गर्नुभयो।

एमबिबीएसको अध्ययन जनकपुरधामस्थित प्रादेशिक अस्पतालको पछाडि रहेको एकेडेमी कलेजमा सञ्चालन हुने प्रतिष्ठानले जनाएको छ। यसअघि उक्त भवनमा नर्सिङका छात्राहरू अध्ययन गर्दै आएका थिए।

एमबिबीएस अध्यापनका लागि शिक्षकको छनोट र नियुक्ति पहिला नै भइसकेको बताउँदै उपकुलपति डा साहले छनोट भएका शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण दिने कार्य पनि भइसकेको जानकारी दिनुभयो।

# स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणाली मार्फत् उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयको निर्देशन

काठमाडौं, ३ पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ एवं स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउन परिपत्र गरेको छ।

मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा राजकुमार पाण्डेले परिपत्र जारी गर्दै सरकारी अस्पताल, मेडिकल कलेज र सबै सामुदायिक निजी अस्पताललाई पत्राचार गरी नर्सिङको न्यूनतम सेवा सुविधा उपलब्ध गराउन परिपत्र गर्नुभएको हो। विशेष गरेर नर्सिङको सेवा सुविधाबारे मन्त्रालयमा गुनासो आएपछि परिपत्र जारी गरिएको महाशाखा प्रमुख डा पाण्डेले बताउनुभयो।

यसैगरी मन्त्रालयले तोकिएको समयभन्दा बढी कार्यका लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न पनि निर्देशन दिएको उहाँले जानकारी दिनुभयो। स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कल शैक्षिक लब्धाङ्कपत्र कार्यालयमा राख्न नपाइनेजस्ता कार्य गर्न पनि अस्पतालहरूलाई निर्देशन दिइएको छ।

यस्तै कार्य गरिसकेपछि अनुभवको पत्र प्रदान गर्नुपर्ने र नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत परिपत्र गरेको छ।

# सुक्खाबन्दरगाह भन्सारको राजस्व सङ्कलनमा कमी

**दैनिक समाचारदाता**
**पर्सा, ३ पुस।**

वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु१९ अर्ब ७८ करोड ११ लाख २७ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले पाँच महिनाको अवधिमा कुल वार्षिक लक्ष्यको ३२ दशमलव ९४ प्रतिशत राजस्व सङ्कलन गरेको हो।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालले चालु आवको पाँच महिनामा राजस्व सङ्कलनमा कमी आएको जानकारी दिनुभयो। कार्यालयका अनुसार विदेशी वस्तु तथा सामानको आयात घटेसँगै राजस्व सङ्कलन पनि प्रभावित भएको छ।

चालु आवको साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड, असोजमा रु चार अर्ब ३६ करोड र कात्तिकमा रु तीन अर्ब ७९ करोड राजस्व सङ्कलन भएको कार्यालय जनाएको छ।

यस्तै, मङ्सिरमा भने अन्य महिनाको तुलनामा सबैभन्दा कम अर्थात् रु तीन अर्ब २२ करोड ८४ लाख २९ हजार राजस्व सङ्कलन भएको छ। कार्यालयले गत आवको पाँच महिनामा रु २१ अर्ब चार करोड १६ लाख ७३ हजार राजस्व सङ्कलन गरेको थियो।

### *छिमेकीद्वारा आमा...*

गरेपछि बचाउन आएकी छिमेकी रामदुलारी र मन्जु (आमाछोरी) माथि समेत उनीहरुले चिरपट तथा मुक्का प्रहार गरी घाइते बनाएको उनको कथन छ।

अनुहार र टाउकोमा गम्भिर चोट लागेका मन्जुले गीतालाई बचाउन जाँदा मादकपदार्थ सेवन गरेका उक्त समूहले आफु र आमामाथि समेत आक्रमण सुरु गरेको बताइन।

गिताका श्रीमान शिवलालले पत्नीको बलात्कारको प्रयास गरिएको र प्रतिवाद गर्दा निर्घात कुटपिट गरिएको दावी गरेका छन्। उनले उक्त घटनाबारे प्रहरीमा मौखिक जानकारी गराइसकिएको तथा कसुर गर्ने व्यक्तिहरुउपर बिहीवार जिल्ला प्रहरी कार्यालय सप्तरीमा कारवाहीका लागि किटानी जाहेरी दिने बताएका छन्।


# वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको संचालक समितिको मिति २०८१।०८।११ गतेको बैठकको निर्णय अनुसार यस संस्थाको २२औं वार्षिक साधारण सभा तपसिलका प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागी तपसिलका मिति समय र स्थानमा हुने भएको हुँदा उपस्थितीको लागी हार्दिक अनुरोध छ।

**प्रस्तावहरुः**

१) संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन सम्बन्धमा।
२) आ.व.२०८०।०८१ को वार्षिक लेखा परिक्षकको लेखा प्रतिवेदन सम्बन्धमा।
३) आ.व.२०८०।०८१ को वार्षिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४) आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को संसोधित एवं अनुमानित प्रस्तावित बजेट तथा कार्ययोजना सम्बन्धमा।
५) आ.व.२०८१।०८२ को लागी लेखा परिक्षण निम्ती लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
६) जग्गा खरीद/विक्री तथा बैक तथा वित्तिय संस्थाबाट कर्जा वा अन्य बन्दोबस्त सम्बन्धमा।
७) आ.व. २०८०।०८१ को एक वर्ष भित्र संचालक तथा अध्यक्षले गरेको निर्णयहरु अनुमोदन सम्बन्धमा।
८) संस्थाको विनियम पुर्नलेखन, संसोधन तथा निति नियमावलीहरु, आन्तरीक कार्यविधीहरु र निर्देशिकाहरु सम्बन्धमा।
९) नियमनकारी निकायको निर्देशन सम्बन्धमा।
१०) संस्था एकीकरण सम्बन्धमा।
११) साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणितको लागी प्रतिनिधी छनौट सम्बन्धमा।
१२) विविध।

**तपसिल**

**मिति : २०८१।०९।२७ गते शनिबार**
**स्थान : संस्थाको कार्यालय भवन माथी**
**समय : विहान ११:०० बजे**

**भवदीय**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*